कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, जुम्ला

## कृषि विकास कार्यक्रम संचालनका लागि सूचिकृत हुने तथा निवेदन पेश गर्ने सम्वन्धी

सूचना। सूचना।। सूचना।।।

सूचना - ८

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२३**

कृषि विकास कार्यालय, जुम्लाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्न यस जिल्लाका कृषि व्यवसायमा संलग्न नीजि व्यवसायि कृषि फर्म, कृषक समुह, कृषि सहकारी संस्था, कृषि उद्योग, कृषि सामग्री सप्लायर्स र दर्तावाला कृषि उपभोक्ता समितिवाट निवेदन/प्रस्तावना पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्कास) दिन (२०८२/०९/१४ गते) कार्यालय समयावधि भित्र यस कार्यालयमा देहाय बमोजिमका कागजातहरु संलग्न राखी सूचिकृत हुनुका साथै कार्ययोजना सहितको निवेदन/प्रस्तावना पेश गर्नहुन अनुरोध छ। सूचनाको अन्तिम दिन यदि कुनै सार्वजनिक विदा पर्न गएमा सो विदाको भोलिपल्ट कार्यालय खुल्ने दिनको समय अवधिमा समेत निवेदन संकलन गर्न सकिने व्यहोरा सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघी वा रित नपुगी प्राप्त भएका योजनाको निवेदन उपर कुनै कार्वाहि नहुने ब्यहोरा समेत सूचित गरिन्छ ।

थप जानकारीको लागि फोन नं.-०८७-५२००२७, सूचना अधिकारी -९८५८३६६२२७ मा सम्पर्क गरि तथा कार्यालयको **Facebook page** कृषि विकास कार्यालय जुम्ला, कार्यालयको वेबसाइडः adojumla.gov.np मार्फत यो सूचना र अनुसूचि डाउनलोड गरि जानकारी लिन सकिनेछ।

तपसिलः

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वजेट रु. हजारमा | न्यूनतम मापदण्डहरु |
|---|---|---|---|
| क. स्याउ तथा ओखर विकास कार्यक्रम | | | |
| १. | स्याउ तथा ओखर विकास कार्यक्रम | २२०००।- | ✓ तिन वर्षको विस्तृत व्यवसायिक कार्ययोजना ।<br>✓ जग्गा चक्लावन्दी तथा कलष्टर मिलाउन सकिने ।<br>✓ अनुसूचि १८ बमोजिम विरुवा संख्या पुगेको<br>✓ (स्याउ १००० र ओखर ५०० विरुवा लगाईने)<br>✓ लागत सहभागिता रकम सुनिश्चित हुनुपर्ने ।<br>✓ अन्य विषय प्राविधिक दृष्टिकोणले उपयुक्त र कार्यविधि अनुसार हुने । |

रामभक्त अधिकारी
कृषि अ... (मातौं)
निमित्त ... प्रमुख



CamScanner

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय, जुम्ला

| | | | |
|---|---|---|---|
| प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने वाली विकास कार्यक्रम | | | |
| १. | प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने वाली विकास कार्यक्रम | १०००।- | ✓ रैथाने वालीका जात उत्पादन तथा बजारीकरण प्रवर्द्धन<br>✓ अनुवांशिक स्रोत सम्वन्धी आधारभूत तथ्याङ्क सङ्कलन<br>✓ रैथाने वालीको जात दर्ता तथा सूचीकरण कार्यक्रम<br>✓ अन्य विषय प्राविधिक दृष्टिकोणले उपयुक्त र कार्यविधि अनुसार हुने । |
| ख. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | | | |
| १. | युवा लक्षित कार्यक्रम | २५००।- | ✓ वाली प्रवर्द्धनका लागि उपयुक्त स्थान हुनुपर्ने।<br>✓ कलष्टरमा बगैचा स्थापनाको लागि प्राथमिकता हुने।<br>✓ व्यक्तिको हकमा न्यूनतम ५ रोपनी र समुदायको हकमा न्यूनतम १० रोपनी बगैचा स्थापना गर्नुपर्ने।<br>✓ अन्य विषय प्राविधिक दृष्टिकोणले उपयुक्त र कार्यविधि अनुसार हुने । |
| २. | लागत सहभागीतामा कृषि व्यवसाय कार्यक्रम (दुई हेक्टरमा) | ४०००।- | ✓ वाली प्रवर्द्धनका लागि उपयुक्त स्थान र लागत सहभागिता गर्ने निकायको सिफारिस हुनुपर्ने।<br>✓ रोडकरिडोरको परिधि र कलष्टरमा बगैचा स्थापनाको लागि प्राथमिकता हुने।<br>✓ २ हेक्टरका लागि ४ लाख र थप प्रति रोपनी १० हजारका दरले अधिकतम १० लाख प्रति कार्यक्रम<br>✓ अन्य विषय प्राविधिक दृष्टिकोणले उपयुक्त र कार्यविधि अनुसार हुने । |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रममा निवेदन दिनका लागि सूचिकृत हुने तथा कार्यक्रम माग सम्वन्धी अनुसूचि-४ अनुसारको रु १० को टिकट सहितको निवेदन र कृषि व्यवसाय योजना तथा प्रतिवद्धता पत्र
२. कार्यक्रम माग सम्वन्धी निर्णयको प्रतिलिपी ।
३. नविकरण भएको संस्था दर्ता प्रमाण - पत्रको प्रतिलिपी
४. गत आ.व. को संस्थाको लेखापरिक्षण भएको प्रतिवेदन प्रतिलिपी

रामभक्त अधिकारी
कृषि अर्थ विज्ञ (सातौं)
निमित्त कार्यालय प्रमुख



CamScanner

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जुम्ला

५. कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण- पत्र

६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी लालपुर्जा+जग्गाको ट्रेस नक्शा र कलष्टरमा खेति गरिने जग्गाको किर्ता न सहितको चारकिल्लाको विवरण ।

७. कार्यविधि अनुसार निवेदन दर्ता गर्दा ५ लाखसम्मको प्रस्तावनामा रु १०० र सोभन्दा माथिको प्रस्तावनामा रु ५००। को राजश्व जम्मा गरेको भौचर ।

(राजश्व शिर्षक नं १४२२९ अन्य प्रशासनिक सेवा शुल्क कार्यालयको कोड नं. ३१२०१६२०२६ कार्यालय कृषि विकास कार्यालय जुम्ला)

कार्यालयको कोड नं अन्य सेवा शुल्क खर्च शिर्षक नं. १४२२९

८. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।

९. माथि उल्लेखित सम्पूर्ण कागजातमा छाप लगाई प्रमाणित गरेको हुनुपर्नेछ ।

पुनश्चः अन्य कागजात तथा प्रक्रिया कृषि तथा सहकारी सम्वन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि र अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ भने कुनै निकायवाट अनुदानको सहयोग लिएको भनि जानकारी हुन आएमा स्वतह रद्द गरिनेछ।

रामभक्त अधिकारी
कृषि अ... (सातौं)
निमित्त कार्यालय प्रमुख

"अर्गानिक खेतिमा वृद्धि, कर्णालीको समृद्धि"
टेलिफोन नं. ०८७-५२००२७
ईमेल - akcjumla@gmail.com wedsite adojumla.gov.np